# पाल्हीनन्दन गाउँपालिका
# Palhinandan Rural Municipality
# गाँउकार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive
## कुश्मा,नवलपरासी(ब.सु.प.),लुम्बिनी प्रदेश,नेपाल
Kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini pradesh, Nepal

पत्र संख्या:०८३/८४
च.न.:

मिति: २०८३/०४/०१

**विषय: सामाजिक सुरक्षा भत्ता परिचयपत्र सूचीकरण तथा नविकरण गर्ने सम्बन्धी अत्यन्तै जरुरी सूचना।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ को नियम (१) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को नियम (७) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. २०८३/०८४मा पनि सामाजिक सुरक्षा भत्ता निरन्तर प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिमका अवधि भित्र अनुसुची ३ बमोजिम तोकिएको ढाचाँ सम्बन्धित वडा कार्यालयमा नविकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था रहेको छ । लाभग्राहीहरू स्वयं आ-आफ्नो वडा कार्यालयमा उपस्थित भई असोज मसान्त भित्र जैविक पहिचान (Biometric Device Finger Print/Iris Device) मार्फत अनिवार्य सामाजिक सुरक्षा भत्ता परिचयपत्रको नविकरण गराउनुहुन सम्पूर्ण लाभग्राहीमा यो सूचना जारी गरिएको छ। बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बाबु, संरक्षक वा माथवर वा स्याहार गर्ने व्यक्तिले निवेदन दिन सकिनेछ।

**सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्न वडा कार्यालयमा पेस गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि, राष्ट्रिय परिचयपत्र, भत्ता परिचयपत्र।
२. बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि साथै संरक्षकको नागरिकताको प्रतिलिपि।
३. विधवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस।
४. सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको ६० वर्ष उमेर पूरा भएको महिलाको हकमा सम्बन्ध विच्छेदको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस।
५. न्यायिक पृथकीकरण गरी बसेको ६० वर्ष उमेर पूरा भएको महिलाको हकमा अदालतबाट न्यायिक पृथकीकरणको प्रमाण।
६. हालसम्म विवाह नगरी बसेको ६० वर्ष उमेर पुगेका महिलाको हकमा वडाको सिफारिस।
७. आपाङ्ग व्यक्तिको हकमा पाल्हीनन्दन गा.पा.बाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि।

**पनश्च:**

- समयमा नविकरणका लागि निवेदन पेश नगर्ने लाभग्राहीको लगत कट्टा हुनेछ र त्यस्ता लाभग्राहीले भत्ता रकम पाउनेछैनन्।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०८२ को दफा ५ बमोजिम सोह्र वर्ष उमेर पूरा नभएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त र नब्बे वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई लाभग्राहीमा सूचिकृत हुन राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य हुने छैन।

गोविन्द के.सी.
प्रमुख प्रशासकीय अधिकृत



CamScanner